अनुसूची –२

(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

**स्वघोषणा**

म विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ६ बमोजिम आयोगको अध्यक्ष÷सदस्य पदमा उम्मेदवार हुन देहायको अयोग्यता नभएको स्वघोषणा गर्दछु । कुनै पनि कारणबाट यो स्वघोषणा बमोजिम नभएको प्रमाणित भएमा कानून बमोजिम कारबाही भएमा मेरो मञ्जुरी छ ।

(क) गैर नेपाली नागरिक,

(ख) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको,

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(घ) प्रचलित कानून बमोजिम कालोसूचीमा परेको वा त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको,

(ङ) आफू वा आफ्नो एकाघरको परिवारको सदस्य विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारमा संलग्न कुनै कम्पनी वा त्यस्तो कम्पनीको सहायक कम्पनी, फर्म वा संस्थाको संस्थापक, व्यवस्थापकीय तह, शेयर धनी वा सञ्चालक, लेखापरीक्षक वा सल्लाहकारको हैसियतमा संलग्न रहेको वा त्यस्तो हैसियतबाट अलग भई कम्तीमा तीन वर्षको अवधि व्यतित भई नसकेको,

(च) विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धी कसूरमा सजाय पाई सजाय भुक्तान गरेको मितिले तीन वर्षको अवधि पूरा नभएको,

(छ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्वमा रहेको सङ्गठित संस्था वा अनुमतिपत्र प्राप्त व्यक्तिको बहालवाला कर्मचारी,

(ज) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(झ) कुनै राजनीतिक दलको सदस्य वा पदाधिकारी भएको ।

दस्तखतः

नामः

ठेगानाः

मितिः

नेपाल कानून आयोग